जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०
# नवीन साप्ताहिक
म.जि.हु.का.द.नं. ६/०६४/०६५
वर्ष ४२ अंक ३ २०८० साल साउन २१ गते आइतवार (6 Aug 2023 Sunday) मूल्य रु. ७/-




*यस अंक भित्र* – **पृष्ठ २ मा :** विगत ९ वर्षदेखी अतिक्रमण ... **पृष्ठ ३ मा :** दोहोरो नागरिकता दिनुमात्र ... **पृष्ठ ५ मा :** वैद्य-प्रकाश मानवअधिकार ... **पृष्ठ ५ मा :** पाकिस्तानका पूर्वप्रधानमन्त्री ...

## हुलाकी सडक खण्डको काम सूचारु गराउन आइतबार बिहानैदेखी सिरहा रोडमा डोजर चल्ने



**राजविराज**/राजविराज नगरपालिका वडा नं. ६ र ७ मा पर्ने सिरहा रोडस्थित हुलाकी राजमार्गको दायाँ बाँया ९/९ मिटर जग्गा खाली गराउन आइतबार बिहान डोजर चल्ने भएको छ ।

वडा कार्यालय ६ र ७ तथा राजविराज नगरपालिकाले ७ दिन अघि नै सूचना जारि गर्दै सिरहा रोडको दायाँ बायाँ ९/९ मिटर जग्गामा रहेका भौतिक संरचना हटाउन अुनरोध गरेको थियो ।

जग्गा खाली गर्न दिएको म्याद शनिबार सकिएको छ । नगरपालिकाले आइतबार बिहानैबाट डोजर लगाएर मूल सडकको दायाँ बायाँ ९/९ मिटरमा बनाइएको भौतिक संरचना हटाउने तयारी पूरा गरिसकेको जनाएको छ ।

नगरपालिकाले भने आइतबार बिहानैदेखी संरचना हटाउने र कुनै पनि हालतमा पछि नहट्ने जनाएको छ । कार्यवाहक नगरप्रमुख इसरत परबिनले पूर्वसूचना अनुसार आइतबार बिहानैदेखी संरचना भत्काउने काम सुरु हुने जानकारी दिइन् ।

हुलाकी सडक निर्माण गर्नका लागि राजविराज नगरपालिकाको वडा ६ र ७, राजरंगशाला र कंचनपुर रोड भएर सिरहा रोड हुने गरि नक्साकंन भइसकेको छ ।

यता हुलाकी मार्गको काम तिब्र रुपमा अघि बढाउने तयारी गरिएको बेला सर्वोच्च अदालतको पछिल्लो आदेशले स्थानीय अलमलमा परेका छन् । नगरपालिकाले जग्गा खाली गर्न दिएको अन्तिम म्याद शनिबारसम्ममा सडकको दायाँ बायाँ ९/९ मिटरमा बनाइएका भौतिक संरचना केहीले आफै हटाउन थालेका छन् भने अधिकांश अदालतको आदेशपछि संचरना हटाउन अलमलमा परेका छन् ।

नगरपालिकाको सूचना आएपछि केही दिन अघि मात्र रोशन कुमार देवले बजार क्षेत्रमा तोडफोड गरि हुलाकी सडक बिस्तार गर्ने जानकारी प्राप्त गरेपछि सोको बिरोध गर्दै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए ।

राजविराज नगरपालिका, निमित्त प्रमुख प्रशासकीय अधिकृत निरन्जन यादव, वडा ६ का वडाअध्यक्ष शशी चौधरी, वडा ७ का वडा अध्यक्ष शुभाषचन्द्र यादव तथा दुबै वडा कार्यालयलाई समेत बिपक्षि बनाई सर्वोच्चमा दायर गरेको रिट उपर सुनुवाई गर्दै न्यायधिश विश्वम्भर प्रसाद श्रेष्ठको इजलाशले अल्पकालिन अन्तरिम आदेश जारि गरेको सिरहा रोड निवासी पंकज मल्लिकले जानकारी दिएका छन् ।

उनले आफूहरु हुलाकी सडक बिस्तारको बिरोधी नरहेको भन्दै वर्षौंदेखी बसोवास गर्दै आएको उक्त जग्गा सार्वजनिक नभई नम्बरी भएको दाबी समेत गरेका छन् । उनले सिरहा रोड हुँदै हुलाकी सडक लैजाने तथा निजि जग्गामा बनेका संचरना भत्काउने हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय बिरुद्ध यसअघि पनि स्थानीयवासीको तर्फबाट २०७६ फागुन २२, २०७६ चैत १२ र २०७७ माघ १७ मा गरि तीन पल्ट सार्वजनिक सरोकारको रिट निवेदन दायर भएको र त्यति बेला सर्वोच्चले घर जग्गाको उचित मुआब्जा नदिई सडक बिस्तारका लागि घर टहरा नभत्काउनु भनि अन्तरिम आदेश जारि भएपछि रोकिएको जानकारी दिए ।

उनले उक्त मुद्दा अहिले पनि सर्वोच्चमा बिचाराधिन अवस्थामै रहेका बेला नगरपालिकाले पुनः भत्काउने तयारी गरेपछि चौथो पल्ट अदालतको शरणमा पुग्न बाध्य भएको बताएका छन् । उनले हुलाकी राजमार्ग लिंक रोडमा गाभिनु पर्ने, जग्गाको उचित मुआब्जा दिनुपर्ने, घनाबस्ती उजाड्दा यसले पर्यावरणमा पार्न सक्ने असर बारे बैकल्पिक उपाय सोच्नु पर्ने, नगरसभाबाट निर्णय गरि सिरहा मार्गमा पर्ने जग्गाहरुको कित्ताकाट, नक्सा पास र चार किल्ला प्रमाणित गर्नुपर्ने लगायतका आफूहरुको प्रमुख माग रहेको बताएका छन् ।

## नागरिकता सम्बन्धी कसुर मुद्दामा उपप्रमुखका पति महेन्द्र कारागार चलान



**राजविराज**/नागरिकता सम्बन्धी कसुर मुद्दामा सप्तरीको डाक्नेश्वरी नगरपालिकाकी उपप्रमुख मिरा कुमारी यादवका पति महेन्द्र यादव कारागार चलान भएका छन् ।

जिल्ला अदालत सप्तरीका न्यायाधिश लालकाजी श्रेष्ठको इजलाशले बिहीबार महेन्द्रलाई पूर्पक्षका लागि कारागार चलान गर्ने आदेश दिएको अदालतका सूचना अधिकारी गंगाकुमार मिश्रले जानकारी दिएका छन् ।

उक्त मुद्दाको अनुसन्धानको क्रममा प्रहरीको फरार सूचीमा रहेका महेन्द्र भने बिहीबार नै अदालतमा आफै उपस्थित भएका थिए ।

सोही मुद्दामा उपप्रमुख मिरा एक लाख धरौटी बुझाउँदै तारेखमा रिहा भइसकेकी छिन् भने उक्त प्रकरणमा अर्का आरोपी सहदेव यादव पनि अदालतले दिएको आदेश बमोजिम एक लाख धरौटी बुझाउँदै तारेखमा रिहा भइसकेका छन् ।

प्रतिवादी कृष्णकुमार यादवले भारतको समेत नागरिकता लिएको भन्दै उपप्रमुख मिरा, उनका श्रीमान महेन्द्र र स्थानीयवासी सहदेव यादवबिरुद्ध नागरिकता सम्बन्धी कसुरमा मुद्दा दायर गरेका थिए ।

डाक्नेश्वरी नगरपालिका ३ निवासी कृष्ण कुमार यादवले गत असार १७ गते मिरा, उनका पति महेन्द्र र स्थानीय सहदेव यादवविरुद्ध नेपाल र भारतका गरी दुई देशको नागरिकता लिएको भन्दै नागरिकता सम्बन्धि कसुर मुद्दा दर्ता गराएका थिए ।

प्रहरीले.उक्त मुद्दा दर्ता गर्न आलटाल गरे पछी उनी अदालत पुगेका थिए । उच्च अदालत जनकपुर-राजविराज इजलाशले उक्त मुदा उपर सुनवाई गर्दै परमादेश जारी गरेको थियो । त्यस पछी प्रहरीले पक्राउ पुर्जी जारी गरेको थियो ।

भारतको निर्वाचन नामावली २०२२ मा बिहार राज्यको क्रम संख्या ६३२ मा महेन्द्र र ६३३ मा मिराको नाम रहेको विवरण सुचीका साथै अनुमण्डलीय न्यायलय निर्मलीमा महेन्द्र र मिराले पेश गरेको शपथ पत्र तथा भारतीय निर्वाचन आयोगबाट लिएको पहिचान पत्र समेत उजुरी मार्फत पेश गरिएको थियो ।

## लम्पी स्किन रोगबाट एक हजार भन्दा बढी पशुको मृत्यु

**राजविराज**/सप्तरीमा एक हजार भन्दा बढी पशुको लम्पी स्किन रोगका कारण मृत्यु भएको छ भने २५ हजार भन्दा बढी बिरामी परेका छन् ।

जिल्ला भर पशुमा देखिएको लम्पी स्किन रोग भयावह बन्दै गएको भन्दै नेपाल पारा भेटेरिनरी एण्ड लाइभस्टक एशोसिएशन सप्तरीले महामारीको अवस्थालाई मध्यनजर गर्दै संकटकाल घोषणा माग समेत गरेको छ ।

एशोसिएशनले गत साता प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाउँदै लम्पी स्किन रोग नियन्त्रण तथा राहत ब्यवस्थापन जस्ता विषयहरु ठोस रुपमा सम्बोधन गर्न माग गर्दै रोग नियन्त्रण र उपचारका लागि पर्याप्त मात्रमा पशु चिकित्सक तथा औषधी ब्यवस्था गर्न माग पनि गरेको छ ।

एशोसिएशनका जिल्ला अध्यक्ष पाण्डेकुमार मेहता तथा मधेश प्रदेश संयोजक परमेश्वर यादवको अगुवाईमा प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापामार्फत बुझाइएको ज्ञापनपत्रमा लम्पी स्किन रोगका कारण जिल्ला भरका पशुपालक किसान मारमा परेको तथा पशुमा क्षति पुगेका किसानलाई राहत, क्षतिपूर्ती, पशु बिमाको भुक्तानी दिन माग पनि गरेको छ ।

उक्त रोगबाट जिल्लामा गत सातासम्ममा १ हजार ५१ पशु मरिसकेको, रोगबाट कुनै गाउँ अछुतो नरहेको तथा २५ हजार भन्दा बढी पशु बिरामी परेको जनाइएको छ ।

लम्पी स्किन रोग लागेका पशुहरुको शरीरभरी दाग र गिर्खा जस्तो देखिने र त्यसपश्चात् भित्रि भागमा फैलिदै पशुहरु मर्ने गरेका छन् । रोगबाट दुध उत्पादन ८० प्रतिशत सम्मले घटेको, पशुमा गर्भ तुहिने र प्रजनन्मा समस्या देखिएको तथा पशुपालक ठूलो आर्थिक मारमा परेको ज्ञापनपत्रमा उल्लेख गरिएको छ ।

भू-क्षय न्यूनीकरणका उपाय अपनाऔं

> वस्तीको माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
> घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
> नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
> जमिन चिरा परेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
> भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं।

भू-क्षयबाट बचौं र बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय

### अतिक्रमण हटाउने कार्य सह्रानिय, न्युन क्षति हुनेतर्फ ध्यान पुगोस्

राजविराजको विभिन्न स्थानमा स्थानीयबाट गरिएको जग्गा अतिक्रमण हटाउने कार्यमा नगरपालिकामा तिब्र रुपमा लागिपरेको छ । गत साता मात्रै राजविराजस्थित हटिया बजारमा स्थानीयले अतिक्रमण गरेर बनाएका पसल, टहरा र छाप्रो हटाउने कार्य गरेको थियो । त्यसपछि राममन्दिरदेखी छिन्नमस्ता डेरी उद्योगसम्मको बाटो फराकिलो गर्न नगरपालिकाले सूचना जारि गरेको छ । सो सडकखण्ड हुलाकी राजमार्गमा परेकोले केही वर्षदेखी केही स्थानीयले सडकमा पर्न गएको जग्गा खाली गर्न नमानेपछि नगरपालिकाले एक हप्ते सूचना जारि गर्नुपरेको हो ।

उक्त सडकखण्ड लामो समयदेखी बन्न नसक्दा स्थानीयलाई नै समस्या परेकोले अब उक्त सडक पनि बन्ने लगभग पक्का भएको छ । नगरपालिकासँग सो सडकखण्ड १८ मिटर चौडा गर्ने सहमति पश्चात् कतिपयले आफै खाली गरिरहेका छन् । तर, केहीले अटेर समेत गरेका छन् । यसरी विकासीय कार्यमा बाधा अवरोध सृजना नगरि सहयोग गर्नु पर्ने हुन्छ । विगत चार वर्षदेखी सप्तरी सडक खण्डमा पर्ने हुलाकी राजमार्गको काम सुस्त गतिमा भइरहेको बेला राजविराजमा भने उक्त कार्यले अहिले तिब्रता पाएको छ । जिल्लाको मात्र नभएर समस्त तराई मधेशको विकास तथा राष्ट्रिय गौरवको आयोजनाको रुपमा लिइएको हुलाकी राजमार्गमा विगत चार वर्षदेखी कार्य भइरहेको छ । यहाँ विभिन्न सडकहरु त बने तर, विधिवत रुपले पेटी निर्माण हुन सकेको थिएन् । पेटी निर्माण भइरहदा बटुवाहरुलाई हिडडुल गर्न सजिलो हुनुका साथै उक्त क्षेत्रको सौन्दर्यता पनि खुलेको छ ।

लामो समयदेखी भइरहेको सडक निर्माण कार्यले अब पूर्णता पाउने विश्वास गर्न सकिन्छ । तसर्थ यस्ता कार्यहरुलाई सबैले सहयोग गर्नुको विकल्प छैन् । अनिमात्र आफ्नो स्थानको सौन्दर्यताका साथै जिल्लाको पनि विकासमा ठेवा पुग्ने छ । तर, विकासको नाममा न्युन क्षति हुनेप्रति सम्बन्धीत निकायको ध्यान पुग्नु पनि उत्तिकै आवश्यक छ ।

# विगत ९ वर्षदेखी अतिक्रमण गरि सडक मै पसल संचालन



**राजविराज**/ राजविराज वडा नं. ७ स्थित हटिया प्रवेश गर्ने एउटा मार्गको भित्रि सडक खण्डमा विगत ९ वर्षदेखी अतिक्रमण गरि सडक मै पसल संचालन हुँदै आएको छ ।

अदालत र राजविराज नगरपालिकाको आदेश विपरित वर्षौदेखी सडक नै अतिक्रमण गरि पसल संचालन हुँदै आएकोमा सम्बन्धीत निकायको ध्यानाकर्षण हुन सकेको छैन् ।

सर्वोच्च अदालतको फैसला तथा नगरपालिकाको आदेश विपरित वर्षौं देखि सार्वजनिक जग्गा र सडक मै पसल संचालन गर्दै आएका एक जनाको हकमा नगरपालिकाले कडाई गर्न नसकेको स्थानीयले गुनासो गरेका छन् ।

यसबारे बिहीवार स्थानीय उजुरीकर्ता मध्येका एक प्रदिप सिंहले राम मन्दिर अगाडी हटिया प्रवेश गर्ने मार्गमा पर्ने प्लट नम्बर १५ देखि उत्तर, प्लट नम्बर ५४ देखि दक्षिण र प्लट नम्बर ५३ देखि पश्चिम सार्वजनिक बाटोमा लखन साहले वर्षौदेखि अवैधरुपमा घेरबार र कब्जा गरी टिन र काठको छाप्रो राखि पसल संचालन गर्दै आएको जानकारी दिएका छन् ।

सो सम्बन्धमा २०७१ साल पौष २४ गते सर्वोच्च अदालतको पुर्ण इजलाशले समेत उक्त जग्गा ऐलानी बाटो ठहर गरीसकेको छ । विवादित जग्गाबारे सर्वोच्च अदालतको आदेश आएपछी राजविराज नगरपालिकाका तत्कालिन प्रमुख प्रशासकिय अधिकृत विष्णु गुरुङले मिति २०७३ असार २० गते लखन साहको नाउँमा चलानी नं. १७१ को पत्र काट्दै उक्त सार्वजनिक बाटोमा अवैध रुपमा बनाइएका भौतिक संरचना सात दिन भित्र हटाउन निर्देशन दिएको थियो । पत्रमा सर्वोच्च अदालतको मिती २०७१ साल पौष २४ गतेको पुर्ण इजलाशले सो जग्गा ऐलानी बाटो ठहर गरिसकेको उल्लेख गर्दै अदालतको आदेशको वेवास्ता नगर्न सचेत समेत गराइएको थियो ।

पछिल्लो पटक उनले नगरपालिकामा बुझाएको उजुरीमा सर्वोच्च अदालतले गरेको आदेश तथा तत्कालिन प्रमुख प्रशासकिय अधिकृत गुरुङले काटेको पत्रको प्रतिलिपी समेत संलग्न गरी आदेशको कार्यान्वयन गराउन माँग गरेका छन् ।

लखन साहको भने २ वर्ष अघि निधन भईसकेको छ । हाल उनका सन्तानले उक्त जग्गामा बनाइएका पसल भाडामा लगाएका छन् । साहको परिवारजन भने उक्त ८ धुर जग्गा प्राप्तिका लागि साहले बि.स. २०३८ सालमा प्रमुख सैनिक सचिवालयमार्फत तत्कालिन राजा विरेन्द्रलाई निवेदन बुझाएको बताएका छन् । सोही निवेदनको आधारमा राजाबाट हुकुम प्रमाँगी भएपछी आफूहरु उक्त जग्गामा वसोवास गर्न थालेको साहका आफन्तजनको भनाई छ ।

उक्त जग्गाको विवाद जिल्ला, पुनरावेदन हुदै सर्वोच्च अदालतसम्म पुगेको तत्कालिन नगर प्रमुख जगरनाथ दासको भनाई छ । उनले सो जग्गा सार्वजनिक बाटो भएको दाबी गरे । आफ्नो कार्यकाल सम्म उक्त जग्गा खाली नै रहेको भन्दै उनले माओवादी जनयुद्ध कालमा स्थानीय तहमा जनप्रतिनीधी नभएको मौका पारेर जग्गा अतिक्रमण गरिएको जानकारी दिएका छन् ।

तत्कालिन राजा वीरेन्द्रको हुकुम प्रमाँगीमा उक्त जग्गा लखन साहलाई उपभोग गर्न दिनु उल्लेख देखिएपनी सो अघि वि.स. १९९८ सालमा नगरयोजना बन्दा सार्वजनिक प्रयोजनका लागी छुट्याइएको बाटोको जग्गा व्यक्ती विशेषका नाममा दर्ता गर्ने अधिकार कसैको नभएको सर्वोच्च अदालतको फैसलामा रहेको छ ।

राजविराज नगरपालिकाका कार्यवाहक नगर प्रमुख इसरत परवीनले प्राप्त उजुरी उपर छानवीन थालिएको बताईन । सार्वजनिक सम्पती संरक्षण गर्ने दायित्व स्थानीय सरकारको भएकाले आफुले यसलाई गम्भिरताका साथ लिएको उनले बताइन् । पुरानै मुद्दा भएपनि यसको छानवीन र कानुनी पक्षलाई हेरी आवश्यक निर्णय लिइने उनको भनाई छ ।

## भ्रममा नपर्न सहकारी बैंकको अनुरोध

**राजविराज**/सहकारी क्षेत्रमा भएको गतिविधिहरुले राष्ट्रिय सहकारी बैंकप्रति भ्रम पैदा भएको छ । त्यस्ता गतिविधिबाट भ्रममा नपर्न सहकारी बैंकले आफ्ना सदस्य तथा सरोकारवालाहरुमा अनुरोध गरेको छ ।

सहकारी क्षेत्रमा देखिएका समस्या समाधानका लागि सहकारी बैंक खटिएर लागेको छ । बैंकले सहकारी अभियानका तर्फबाट विभिन्न तरिकाले पहलकदमी गरिरहेको हुँदा देशभरका सदस्य सहकारी संघ संस्था, नियामकीय निकाय तथा सम्पूर्ण सरोकारवालाहरुलाई भ्रममा नपर्न अनुरोध गरेको हो ।

विज्ञप्तीमा भनिएको छ, 'देशभरका सहकारी संघ संस्थाको विश्वास, साथ र सहयोगद्वारा स्थापित, सञ्चालित सहकारी बैंक नेपाल राष्ट्र बैंक समेतको नियमनमा छ । बैंकले नियमनकारी निकायका निर्देशनहरु पूर्ण रूपमा पालना गरेको छ ।संस्थागत सुशासन सहित सञ्चालित सहकारी क्षेत्रको प्रवर्द्धन र विकासमा केन्द्रीत रहदै आएको छ । सहकारीहरुको संस्थागत विकास, वित्तीय व्यवस्थापनलगायत सहकारीको समग्र विकासमा बैंकले आफ्नो तर्फबाट सक्दो पहल, प्रयत्न र संयोजनकारी भूमिका निर्वाह गरेको छ । विभिन्न समयमा बैंक र बैंकको अध्यक्षलाई लक्षित गरी सार्वजनिक हुने गरेका समाचारप्रति बैंकको गम्भीर ध्यानाकर्षण भएको छ ।'

बैंकका ५ वटा सदस्य सहकारी संस्थाहरु एकीकरण हुँदा साविकको सदस्य संस्था हाम्रो सगरमाथा बहुउद्देश्यीय सहकारी संस्थामा बैंकको कर्जा रकम २८ करोड रहेको छ । बैंकको नीति बमोजिम सबै सहकारीको एकल कर्जा सीमा भित्रै रहेको अवस्थामा एकीकरण भएको हो । सबै संस्थाले लिएका कर्जाको कूल रकम एक अर्ब नजिक रहन पुगेको बैंकले प्रष्ट पारेको छ ।

सहकारी विभागले सम्बन्धित संस्थाहरुले नै बैंकको कर्जा सिमा भित्र ल्याउने योजनाका साथ एकीकरण गर्न अनुमति दिएको हो र बैंकको नीति अनुसार आगामी तीन वर्षभित्र एकीकृत संस्थाले कर्जालाई सिमा भित्र ल्याउनु पर्ने व्यवस्था छ । असार मसान्तसम्मको वित्तीय विवरण अनुसार बैंकको तरलताको अवस्था ३६.९९ प्रतिशत कायम रहेको जनाएको छ ।

## करेन्ट लागेर महिलाको मृत्यु

**राजविराज**/खेतमा मोटरबाट पानी पटाउने क्रममा सप्तरीमा एक महिलाको करेन्ट लागेर ज्यान गएको छ ।

जिल्लाको राजगढ गाउँपालिकामा वडा नं. ६ फकिरा टोल निवासी ५८ वर्षिया दुर्गी देवी साहको बिहीबार करेन्ट लागेर ज्यान गएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार खेतमा मोटरबाट पानी पटाउने क्रममा करेन्ट लागेर घाईते भएकी उनलाई उपचारका लागि गजेन्द्र नारायण सिंह अस्पताल राजबिराजमा लगेकोमा उपचारकै क्रममा मृत्यु भएको हो ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# दोहोरो नागरिकता दिनुमात्र होइन, थप दायित्व बोकाउनु पनि हो

**सुरेन्द्र नेपाल श्रेष्ठ**

दोहोरो नागरिकताको सिद्धान्तलाई अवलम्बन गर्ने र नगर्ने देशहरू बराबरी नै छन् । विश्वव्यापीकरण र आप्रवासनले सबै कुरालाई नयाँ आकार दिइरहेको छ । दोहोरो नागरिकताको महत्त्व सन् १९९० को दशकदेखि आर्थिक अवसरहरूको खोजी गर्ने सम्भावना सहितको उच्चस्तरको माध्यम बनेको छ ।

दोहोरो नागरिकता दिने देशहरूमा अमेरिका र ओशिनिया छिटो तथा अफ्रिका र एसिया सुस्त रूपमा थपिइरहेका छन् । दोहोरो नागरिकता भनेर घोषणा नगरे पनि ७५ प्रतिशत देशहरूले यसप्रति अधिक सहिष्णु दृष्टिकोण राखेको कारण आफ्नो देशका नागरिकहरूलाई अन्य देशको नागरिकता लिन सरल कानुनी प्रक्रिया निर्माण गरेको पाइन्छ । आफ्नो अनुकूलता अनुसार सीमित देशहरूसँग मात्र यस्तो सुविधा प्रयोग गरेको पनि पाइन्छ । जस्तै अर्जेन्टिनाले इटाली र स्पेनमा तथा पाकिस्तानले १९ वटा देशहरूमा बस्ने आफ्नो नागरिकहरूलाई मात्र दोहरो नागरिकता दिने गरेको छ ।

संविधानले हामीलाई राजनीति बाहेक अन्य अधिकार दिइनै सकेको छ । त्यस अनुसारको नागरिकता पाउनको लागि हालै संशोधन गरेको नागरिकता ऐनको दफा ४ मा साबिकको ऐनको दफा ७ (क) थप व्यवस्था गरिएको छ । यो ऐन अनुसार नागरिकता लिने कति होलान् त्यो भविष्यले नै बताउने छ । तर अहिले प्रायजसोले यो त विदेशमा बस्ने ८० लाख नेपालीहरूले सुरु देखि उठाएको माग पुरा भएको ठानिएको छ । पहिला व्यवस्था भएको दुई वर्ष भन्दा बढी सार्क राष्ट्र बाहेक अन्य देशहरूमा बस्ने विद्यार्थी र कर्मचारी बाहेक अरूले पाउने परिचय पत्र अझै पनि प्रयोग हुने नै छ । अहिलेसम्म के कतिले यस्तो प्रमाण पत्र लिएका छन् भन्ने यकिन छैन । नेपालको नागरिकता ऐनको दफा १० अनुसार कसैले स्वेच्छाले विदेशको नागरिकता प्राप्त गरे नेपालको नागरिकता स्वत: खारेज हुने कानुनी व्यवस्था छ । तर अधिकांशले त्यही नागरिकता प्रयोग गरिरहेको खुला वास्तविकता हो । अहिले नागरिकता लिने बेलामा पुरानो नागरिकता छाड्न पर्ने भयो भनी रहेका छन् । कानुनी मान्यता नभएको नागरिकता प्रयोग गरेको भेटिँदा सजाय बेहोर्न परेको उदाहरण पनि छन् ।

हामीले राजनीतिक अधिकार सहितको नागरिकताको माग गर्दा स्वत: नेताहरूको मनमा चिसो पस्ने गर्दछ । यो समस्या माथिल्लो नेताहरू भन्दा गाउँ र जिल्लास्तरमा झन् धेरै देखिन्छ । नेताहरू मात्र होइन जनस्तरमा पनि दोहोरो नागरिकता प्रति पुरै नकारात्मक सोचाइ छ । दोहोरो भन्ने बित्तिकै दुवै हातमा लड्डु वा दुई डुङ्गामा खुट्टा भनी हाल्छन् ।यस्तो व्यवस्था हुन् नसक्ने मुख्य कारण चाहिँ भारत र चीनजस्ता ठुला देशहरूको बिचमा रहेको देश भएकोले हो भन्ने गरेको छ । सुन्दा पनि दुई तिरको भन्दा अलि नमिलेको जस्तो स्वार्थी जस्तो सुनिन्छ । तर यस विषयलाई हामीले गम्भीरता पूर्वक सोच्न आवश्यक छ ।

नेपालको जनगणना अनुसार पनि बाल शिशु दरको सङ्ख्या ओरालो लागिरहेको देखिन्छ । देशका युवाहरू सकेसम्म विदेश जाने र विकसित देशमा पुग्नेहरू फर्केर नआउने प्रचलन बढेको छ । देशमा बस्ने युवा युवतीहरू पनि कतिले विवाह नगर्ने र विवाह गर्नेहरूले पनि धेरैले एक मात्र सन्तान चाहने कारण केही वर्ष भित्र नेपालले जटिल प्रकारको समस्या बेहोर्न पर्ने देखिन्छ । देशमा त वंशजको नागरिकहरू कमी हुने नै भयो तर संसारभर अन्यत्र नागरिकता पाउने देशमा बसोबास गर्ने अनि नेपाल र नेपालीलाई चिनाई रहनेहरू पनि आफूले वंशजको नागरिकता गुमाउन परेको पिडा सहिरहन पर्ने हुन्छ । नेपाल जस्तो सानो देशले यति छोटो अवधिमा यति धेरै वंशजका नागरिकहरू गुमाउनु भनेको भविष्यको लागि अति दुखदायक विषय हुनेछ ।

नकारात्मक रूपमा नेपाललाई आसाम र फिँजी बनाउन सक्ने उदाहरण मात्र दिनु भन्दा वास्तविक रूपमा नेपाली मूलको कमी हुनु भनेको गम्भीर विषय हो । विदेशीको सङ्ख्या बढेर नेपाललाई निलिदिन सक्छ भनेर मात्र होइन हामी मानसिक रूपमा सधैँ नेपाली भनी रहँदा पनि कानुनी रूपमा आफू जन्मेको माटोमा गाडिएको नाभि सँगको नाता तोडिनु कुनै हालतमा पनि सही हुन् सक्दैन । नागरिकता दिनु भनेको अधिकार मात्र दिने होइन त्यस सँग थपिएको दायित्व आवश्यक पर्दा देशले उपयोग गर्न सक्नु अर्को महत्त्वपूर्ण विषय हो ।

विदेशको नागरिकता त्याग गरे पछि तुरुन्तै नेपालको नागरिकता पाउने कानुनी व्यवस्था पनि छ । कोही कसैले स्थायी रूपमा नेपाल बस्ने वा राजनीतिमा प्रवेश गर्न पर्ने भयो भने कुनै पनि दिन विदेशको नागरिकता त्याग गर्न सकिन्छ । स्थायी रूपमा विकसित देशमा बसोबास गर्ने तर अलि लामो समय आफ्नो देशमा बस्न चाहनेहरूलाई कानुनी रूपमा पनि आफू नेपाली नै हौ भन्न दिनु उपयुक्त हुन्छ । दोहरो नागरिकता स्वीकार गर्ने देशमा बसोबास गर्नेहरूको लागि मात्र यस्तो व्यवस्था गर्न सकिने भएको कारण छिमेकी देश ठुला छन् सबै आउँछन् भन्ने तर्कको कुनै अर्थ नै रहँदैन ।कमसेकम त्यति देशमा बसोबास गर्ने आफ्नो नागरिकको वंशजको नागरिकता कायम राख्न सक्नु पनि उपलब्धि मान्नु पर्ने हुन्छ । नेपालमा बसोबास गरे पनि विरामी हुँदा वा अन्य आपत् विपत्मा विदेश जान सक्ने आधार बाँकी रहँदा त्यस्तो अवस्थामा देशको लागि भार पनि कमी हुने नै छ । यसलाई उल्टो गरेर सोच्न पनि सकियो बाहिर गारो भयो भने सबै यता थुप्रियो भने के गर्ने ? त्यसो त यो अधिकार गैर आवासीय नेपाली नागरिकहरूलाई पनि प्राप्त हुन्छ नै ।

गैर आवासीय नेपाली नागरिकता लिने प्रक्रियाबारे नियमावली निर्माण हुने क्रममा छ । संशोधित ऐनको दफा ७( क) ५ को (४) अनुसार यो नागरिकता प्राप्त गर्ने व्यक्तिलाई तोकिए बमोजिम शपथ गराउनु पर्नेछ भन्ने व्यवस्था छ । यसको मतलब यो पनि एक प्रकारको नागरिकता नै हो । अन्तर्राष्ट्रिय कानुनी सिद्धान्त र प्रचलन अनुसार राजनीतिक अधिकार नभएको व्यक्तिलाई नागरिक भन्न नसकिने भन्ने छ । तर यो कुनै पनि नागरिक राजनीतिक अधिकारबाट वञ्चित हुने छैन भन्ने सर्वमान्य सिद्धान्तसँग मात्र सरोकार राख्ने विषय हो । दुई देशको नागरिक भए पछि एक देशमा राजनीति वा मत हाल्ने अधिकार भए पछि अर्को देशमा पनि समान अधिकार पाउनु पर्छ भन्ने जिकिर सही हुन् सक्दैन ।

विश्वको कुनै देशको नागरिकको हैसियतमा राजनीतिक अधिकार प्राप्त छ भने जति वटा देशको नागरिक छ सबै देशमा त्यही अनुसारको अधिकार चाहिन्छ भन्न आवश्यक छैन । जुन अधिकार प्रयोग गर्न सम्भव नै हुँदैन त्यो पाउनु मात्र पनि ठुलो कुरा होइन । त्यसो त एकै देशमा बस्ने नागरिकको पनि उमेरको आधारमा विभिन्न अधिकारहरूमा भेदभाव हुन्छन् । नेपालको कुरा गर्दा १६ वर्ष उमेर पुगे पछि नागरिकता लिन पाइयो तर १८ वर्ष नपुगे सम्म भोट हाल्न पाइँदैन । त्यसो भए यो दुई वर्ष उ नेपालको नागरिक होइन भन्न पाइयो र ? त्यस्तै चुन्न पाइनेले चुनिन पनि पाउन पर्छ भन्ने छ तर २१ वर्ष नपुगे सम्म उम्मेदवारी दिन पाइँदैन ।कुनै पनि शीर्ष पदमा उम्मेदवार हुन् ४५ वर्ष उमेर पुगेको हुन्

*बाँकी चार पृष्ठमा*




**अनुरोधकर्ता**
**तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी**

## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङ्कन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : नवीन साप्ताहिक**

# पेट्रोलियम पदार्थको मूल्य बढ्यो

**राजविराज**/नेपाल आयल निगमले मंगलबार राति १२ बजेदेखि लागू हुने गरी पेट्रोलियम पदार्थको मूल्य बढेको जनाएको छ ।

पेट्रोलियम पेट्रोलमा ९ तथा डिजेल र मट्टिरस्तेलमा ७ रुपैया बढेको छ । भारतबाट मूल्य बढेर आएका कारण बढाइएको आयल निगमले जनाएको छ ।

पेट्रोलको मूल्य प्रतिलिटर पहिलो वर्गमा रु १७०, दोस्रो वर्गमा रु १७२ र तेस्रो वर्गमा रु १७३ पुगेको छ । त्यसैगरी डिजेल र मट्टितेलको मूल्य पहिलो वर्गमा रु १५०, दोस्रोमा रु १५२ र तेस्रो वर्गमा रु १५३ कायम भएको छ ।

एलपी ग्यासको मूल्य भने प्रतिसिलिण्डिर रु एक हजार छ सय ६० मा भरेको छ । एलपी ग्यासको मूल्य भने प्रतिसिलिण्डर रु १३० घटाएको छ ।

# मोटरसाइकल दुर्घटनामा घाइते भएका व्यक्तिको मृत्यु

**राजविराज**/तीन साताअघि मोटरसाइकल दुर्घटनामा घाइते भएका एक व्यक्तिको उपचारका क्रममा मृत्यु भएको छ ।

मृत्यु हुनेमा स.४प.९४८६ नं.को मोटरसाइकल चालक सप्तरीको बोदेबर्साईन नगरपालिका ९ देउरी टोल बस्ने ५५ वर्षिय बिजुली प्रसाद यादव छन् । उनको लागि कोशी अस्पताल बिराटनगरमा उपचारका क्रममा गत शनिबार मृत्यु भएको हो ।

गत असार २१ गते जिल्लाको बोदेबर्साईन नगरपालिका वडा नं. ५ स्थित हुलाकी सडक खण्डमा पूर्वबाट पश्चिमतर्फ जादै गरेको स.४प.९४८६ नं.को मोटरसाइकललाई दक्षिणबाट उत्तरतर्फ टर्निङ गरिरहेको अवस्थामा सोही दिशाबाट आउदै गरेको म.प्र.०१-००४प.४८९२ नं को मोटरसाइकलले ठक्कर दिएको थियो ।

सो दुर्घटनामा बिजुली प्रसाद यादव घाइते भएका थिए भने म.प्र.०१-००४प.४८९२ नं को मोटरसाइकल चालक बोदेवर्साइन नगरपालिका ३ मधुवन टोल बस्ने १९ वर्षिय राजेश कुमार यादव र सोहि मोटरसाइकल पछाडि सवार स्थानीय २६ वर्षिय पवन कुमार यादव सामान्य घाइते भएका८ थिए ।

प्रहरीले म.प्र.०१-००४प.४८९२ नं को मोटरसाइकल चालक राजेश कुमार यादवलाई नियन्त्रणमा लिई साउन ११ गते जिल्ला अदालतबाट म्याद थप गराई अनुसन्धान कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# भन्सार छलेको सूर्तीजन्य पदार्थ नियन्त्रणमा

**राजविराज**/प्रहरीले भन्सार छलेर ल्याउँदै गरेको सूर्तीजन्य पदार्थ नियन्त्रणमा लिएको छ ।

प्रदेश प्रहरी कार्यालय जनकपुरधाम धनुषा र वडा प्रहरी कार्यालय राजबिराजबाट खटिएको संयुक्त टोलीले राजबिराज वडा नं. ७ स्थित हुलाकी राजमार्ग सडक खण्डबाट सूर्तीजन्य पदार्थ नियन्त्रणमा गरेको हो ।

प्रदेश ०२-०१-००३प.६५८२ न.को मोटरसाइकलमा ल्याउदै गरेको १ सय १८ पैकेट राजनिगन्धा र मस्तावा नाम गरेको सूर्तीजन्य पदार्थ नियन्त्रणमा लिएको जनाएको छ ।

नियन्त्रणमा लिइएको मोटरसाइकलसहित सूर्तीजन्य पदार्थको अन्दाजी मुल्य २ लाख ३ हजार ७ सय ५० रहेकोले आवश्यक कार्वाहीका लागी राजबिराज भन्सार कार्यालय तिलाठी सप्तरीमा बुझाईएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# युवकको शव फेला

**राजविराज**/सप्तरीमा झुण्डिएको अवस्थामा एक युवकको शव फेला परेको छ । जिल्लाको रुपनी गाउँपालिका वडा नं. ६ का ३५ वर्षिय कैला सरदारको झुण्डिएको अवस्थामा शव फेला परेको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार घर भन्दा २ मिटर पश्चिम सिमलको रुखमा झुण्डिएको अवस्था स्थानीयले देखेपछि खबर गरेका थिए ।

घटनाबारे प्रहरी थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# जालसाज तथा गालीगलौज मुद्दाका फरार दुई प्रतिवादी पक्राउ

**राजविराज**/जालसाज तथा गालीगलौज मुद्दाका फरार दुई प्रतिवादीलाई प्रहरीले पक्राउ गरेको छ ।

जालसाज मुद्दामा फरार रहेका जिल्लाको बिष्णुपुर गाउँपालिका २ बस्ने रामनाथ यादवलाई प्रहरीले पक्राउ गरेको मधेश प्रदेश प्रहरी कार्यालय जनकपुरधामले जनाएको छ ।

प्रहरीका अनुसार लगत नं. १५६६ र २ सय ५० रुँपैया जरिवाना तोकिएको जालसाजि मुद्दाको फरार प्रतिवादी यादवलाई मंगलबार पक्राउ गरेको हो ।

यस्तै प्रहरीले मंगलबारै लगत नं.११९८ र २ सय जरिवाना तोकिएको गालिगलौज मुद्दाका फरार प्रतिवादी जिल्लाको डाक्नेश्वलरी नगरपालिका ९ बस्ने मञ्जु देवी शर्मालाई पक्राउ गरेको छ ।

पक्राउ परेका दुबै जनालाई आवश्यक कारवाहिका लागि जिल्ला अदालत सप्तरीमा दाखिला गराएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## *दोहोरो नागरिकता ...*

पर्छ । त्यसैले राजनीति गर्ने हो भने विदेशको नागरिकता छाडेर आऊ देशमा नै बस तर विदेशमा बसोबास गरे पनि मिल्ने जति देशमा बस्नेहरु वंशजको नागरिकता कायम होस् भनेर किटानी व्यवस्था किन नगर्ने ? ढिलो वा चाँडो यो हुन् पर्छ र हुन्छ नै । यसको पहलकदमी हामीले आजै किन नलिने ? चलन चल्तीमा अर्को एउटा तर्क पनि सुन्ने गरेको छ । दुई देशको नागरिक भए नेपालमा बस्ने अवैध रूपमा कुस्त कमाउने अनि विदेश भाग्छन् देशको माया गर्दैनन् । यसको लागि त इन्टरपोल र सुपुर्दगीको सम्झौतामा हस्ताक्षर गरिएकै छ ।

माओवादी पार्टी शान्ति प्रक्रियामा आए पछि यसका विभिन्न तहका नेताहरूलाई गैर आवासीय नेपाली सङ्घ र यसको अभियानबारे विविध ढङ्गले जानकारी गराउने काममा सक्रिय रहियो । यही पृष्ठभूमिको कारण हामीलाई सङ्गठनले पटक पटक विभिन्न जिम्मेवारीहरू पनि दिएको छ । यो अभियानको सुरुवातमा नै अध्यक्ष प्रचण्ड विदेशको नागरिकता लिनेहरूको वंशजको नागरिकता बदर गर्ने भन्दा पनि निलम्बन गर्ने भन्ने विषयमा राजी हुनुहुन्थ्यो । नेपालमा आएर बस्ने राजनीति गर्ने भए त्यही निलम्बित नागरिकतालाई निरन्तरता वा फुकुवा गरे भयो । अहिले दोहरो नागरिकता नै दिन सबै दल तयार नभएको हाम्रो पनि केही नेताहरू उग्र रूपमा विरोधमा रहेको बताउनु हुन्थ्यो ।तर संविधानको पहिलो मस्यौदा आउँदा धारा १६ मा विदेशको नागरिकता त्यागेको पाँच वर्ष पछि नेपालको नागरिकता प्राप्त गर्न सकिने भन्ने लेखिएर आयो ।

यसबाट के छर्लङ्ग भयो भने शीर्षस्थ नेताहरूले चाहेर मात्र हुँदैन कहाँ कसले कसरी कलम चलाई दिन्छन् ठेगान नै हुँदैन । तर नयाँ संविधान आउँदा धारा १६ हटाउन कसले कसरी भूमिका खेल्यो त्यो पनि धेरैको जानकारीमा नभएको प्रमाण अहिले पनि अभियानका केही नेताहरूले राजनीति गर्ने भए नेपाल फर्केर पाँच वर्ष बसे भइहाल्यो भनेबाट स्पष्ट देखिन्छ ।

समयको गतिसँगै यो विषयलाई पनि आत्मसाथ गरिने नै छ । अहिले संविधान परिवर्तन गर्नको लागि त्यति सहज छैन । संविधानमा लेखे पनि विदेशी नागरिकता लिने सबैले यसको प्रयोग गर्न सकिने पनि होइन । पुरानो नागरिकतालाई नै निरन्तरता दिँदा पनि हामी भन्दा पछाडिको पुस्ताले पाउने छैन । त्यति मात्र होइन कति जनाले गैर आवासीय नेपाली नागरिकता लिए भन्ने तथ्याङ्क राख्न सहज गराउनको लागि पनि नयाँ नागरिकता प्राप्त गर्न उपयुक्त देखिन्छ ।

अहिलेलाई सरल रूपमा समस्या समाधान गर्ने भनेको नागरिकता ऐनको दफा १०. नेपालको नागरिकता कायम नरहने :(१) नेपालको कुनै नागरिकले आफूखुसी कुनै विदेशी मुलुकको नागरिकता प्राप्त गरे पछि निजको नेपाली नागरिकता कायम रहने छैन । भनेर लेखिएकोमा त्यस पछाडि "तर गैर आवासीय नेपाली नागरिकता प्राप्त गर्नेको हकमा यो लागु हुने छैन " मात्र थप गरे पुग्छ । नयाँ बन्ने नागरिकतामा पुरानो नागरिकता नम्बर पनि उल्लेख गरियो भने हाम्रो वंशजको नागरिकता कायम नै रहनेछ । जुन दिन विदेशको नागरिकता त्याग गरिन्छ स्वतः गैर आवासीय नेपाली नागरिकता पनि बदर गरी पुरानो नम्बरको नेपालको नागरिकता दिने व्यवस्था भयो भने समस्या समाधान हुनेछ । (लामो समयदेखि बेलायत बसोबास गर्दै आएका लेखक गैरआवासीय नेपाली संघका पूर्वकेन्द्रीय सल्लाहकार हुन् ।) रातोपाटीबाट

# साइबर क्राइम

**पृष्ठभूमी**

वर्तमान समय सामाजिक संजालको युग हो । फेसबुक, मेसेन्जर, ह्वाटसएप, भाइबर, ट्वीटर, इमोजस्ता सामाजिक संजालको प्रयोग व्यक्तिले गरिरहेका छन् । सामाजिक संजालले प्रयोगकर्तालाई सहज बनाएको छ । मानिस जुनसुकै देश र स्थानमा रहेपनि प्रत्यक्ष भैं कुराकानी गर्न पाएका छन् । तर, सामाजिक संजालले जति सहजता उत्पन्न भएको छ, त्यत्ति नै यसको दुरुपयोग गरेर अपराध कर्म पनि हुन थालेको छ । जसलाई साइबर अपराध भनिन्छ ।

अन्य अपराधभन्दा यसको प्रकृति र शैली बिलकुल फरक छ भने यसको प्रभाव पनि शक्तिशाली र आम रूपमा हुन्छ । विद्युतीय प्रविधिको गलत प्रयोगले निम्त्याउने यो अपराध अन्य अपराधभन्दा भिन्न शैलीको छ । इन्टरनेटको प्रयोगमार्फत गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, इन्टरनेट फ्रड (धोकाधडी), अर्काको पहिचान अनाधिकृत रूपमा प्रयोग, क्रेडिट कार्ड तथा एकाउन्ट आदिको चोरी गरी गरिने बैंकिक कसुर, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुऱ्याइने क्षतिलगायत अवैधानिक कार्यलाई पनि विश्वका अधिकांश मुलुकका कानुनले साइबर अपराध मानेको छ ।

कम्प्युटर, मोबाइल र इन्टरनेटको प्रयोगमार्फतफेक आइडी बनाउने, सामाजिक सञ्जाल प्रयोग गरी गाली गर्ने, वेभसाइट ह्याक गर्ने, फोटो इडिट गरी स्वरूप परिवर्तन गर्ने, अश्लील फोटो/भिडियो पठाउने, सञ्जालमार्फत जिस्काउने, अपमान गर्ने, कल बाइपास, गैह्र कानूनी इमेल, एसएमएस धम्कीदिने जस्ता कार्य नै साइबर अपराध (क्राइम) हो । त्यस्तै इन्टरनेटको प्रयोग गरी गरिने चरित्र हत्या, हिंसा फैलाउने कार्य, यौनजन्य हिंसा, धोकाधडी, क्रेडिट कार्ड तथा एकाउन्ट चोरी, अर्काको कम्प्युटर, विद्युतीय उपकरण तथा नेटवर्कमा पुर्याउने क्षति लगायत अवैधानिक कार्यलाई पनि साइबर अपराध मानिन्छ ।

**कहाँ र कसरी गर्ने उजुरी ?**

साइबर क्राइमको उजुरी प्रहरी कार्यालयमा दिन सकिन्छ । यद्यपी अपराधका विषयमा उजुरी दिन प्रहरी कार्यालयमै पुग्नुपर्ने व्यवस्था भएपनि साइबर अपराधबारे उजुरी दिन कार्यालयमै पुग्नुपर्छ भन्ने छैन । प्रहरीमा अनलाईनमार्फत् पनि उजुरी वा निवेदन दिन सकिने व्यवस्था गरिएको छ । त्यसको लागि निवेदन टाइप गरी प्रमाणसहित साइबर व्युरोको इमेल आइडीमा उजुरी पठाउन सकिन्छ । प्रमाणको रुपमा स्कीन सर्ट, परिचयपत्र, लिंक, भिडियो, अडियो, फोटो लगायत प्रमाण निवेदनसँगै पठाउनुपर्ने हुन्छ । यसबाहेक साइबर व्युरोले उपलब्ध गराएको फोन नम्बरमा घट्नाको बारेमा जानकारी दिई नाम टिपाएर उजुरी गर्न सकिने हुन्छ ।

पहिला अन्य अपराधको जसरी साइबर क्राइममा जुनसुकै जिल्ला अदालतमा मुद्दा दर्ता हुने व्यवस्था थिएन् । काठमाडौं जिल्ला अदालतमा मात्र साइबर क्राइमको मुद्दा दर्ता हुन्थ्यो ।

५ असार, २०८० मा बसेको मन्त्रीपरिषद् बैठकले सबै जिल्ला अदालतलाई यस्तो अधिकार दिने निर्णय गरेको छ । विद्युतीय कारोबार ऐन, २०६३ को दफा ६० को उपदफा ५ बमोजिम सोही ऐनको परिच्छेद ९ मा उल्लेख भए बमोजिमका कसुरहरूको शुरू कारबाही र किनारा गर्ने अधिकार सबै जिल्ला अदालतलाई दिइने निर्णय गरेको छ ।

**कसरी गरिन्छ यसको अनुसन्धान प्रकृया ?**

उजुरी परेपछि प्रहरीले उपलब्ध प्रमाणका आधारमा सुक्ष्म अनुसन्धान शुरु गर्दछ । प्रहरीले साइबर अपराध अनुसन्धान गर्नकै लागि साइबर ब्युरोको स्थापना गरी डिजिटल फरेन्सिक ल्याब सुधारको प्रयास सुरु गरेको छ । अपराधीले कतै न कतै डिजिटल प्रविधि प्रयोग गरेको हुन्छ भने प्रहरी पनि मोवाइलको लोकेसन, कल डिटेल या सामाजिक सञ्जालका क्रियाकलापको चेकजाँच गरी प्रारम्भिक अनुसन्धान शुरु गर्दछ । आरोपित व्यक्ति संलग्नता देखिए निजलाई पक्राउन गरी थप अनुसन्धान प्रकृया अगाडि बढाउँछ र प्रारम्भिक अनुसन्धान पश्चात सरकारी वकिलको कार्यालय मार्फत अदालतमा साइबर क्राइमको अभियोग दर्ता हुन्छ । अदालतमा अभियुक्तको बयान तथा पीडितको बकपत्र लगायतका बाँकी अनुसन्धान कार्य पुरा गरी अदालतमा फैसला सुनाउने गर्दछ ।

**के छ दण्ड सजायको व्यवस्था ?**

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ प्रयोग गरेर साइबर अपराधको मुद्दा चलाउने गरिएको छ । अपराध पुष्टि भएमा अपराधको प्रकृति हेरी बढीमा तीन लाख रुपैयासम्म जरिवाना र पाँच बर्षसम्म कैद सजायको व्यवस्था गरिएको छ । अपराधको प्रकृति र कसुरको गाम्भिर्यतालाई हेरेर कैद तथा जरिवाना कम बढी गर्ने स्वविवेकिय अधिकार न्यायाधीशमा रहेको हुन्छ । पीडितलाई पुग्न गएको क्षतिलाई विचार गरेर कसूरदारबाट पीडितलाई मनासिब क्षतिपूर्ति भराईदिने व्यवस्था पनि कानूनमा गरिएको छ ।

**उजुरी गर्ने म्याद कति हुन्छ ?**

साइबर क्राइम सम्बन्धी कसूर ठहर्ने कुनै कार्य भएमा त्यस्तो कसूर भए गरेको थाहा पाएको मितिले पैतीस दिनभित्र उजुरी गरिसक्नुपर्ने हुन्छ ।

**निष्कर्षः**

जुनसुकै अपराधका दोषी उम्किनुहुँदैन् । पछिल्लो समयमा इन्टरनेटको प्रयोग गरी व्यक्तिको चरित्र हत्या गर्नेदेखि ठगी गर्ने, इमेल र बैंक अकाउण्ट ह्या गरी रकम चोर्नेजस्ता अपराध हुन थालेको छ । साइबर क्राइमबाट पीडित जो सुकैले न्याय पाउनुपर्दछ । अर्को कुरा सामाजिक संजालको प्रयोग कसरी गर्ने भन्नेतर्फ सबै प्रयोगकर्तालाई सचेत रहनु जरुरी छ । आफूलाई पर्न गएको मर्काको सम्बन्धमा उजुरी दिई अपराधीलाई कारवाहीको दायरामा ल्याउन जरुरी देखिन्छ ।

जनहितका लागि : डाक्नेश्वरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय पातो, सप्तरी

# वैद्य-प्रकाश मानवअधिकार पुरस्कारबाट भंसाली सम्मानित

**राजविराज**/यस वर्षको वैद्य-प्रकाश मानवअधिकार पुरस्कारबाट नागरिक समाज सप्तरीका अध्यक्ष थानसिंह भन्साली सम्मानित भएका छन् ।

३१ औं प्रकाश स्मृती दिवस वैध-प्रकाश मानवअधिकार दिवसको अवसरमा मंगलबार राजविराजमा आयोजित समारोहमा उनलाई राष्ट्रिय मानवअधिकार आयोगका सदस्य मिहिर ठाकुरले सम्मानित गरेका हुन् ।

सोही कार्यक्रममा यस वर्षको उर्मिला देवी मैथिली गीत गायन पुरस्कार राजविराज ४ निवासी कञ्चन झालाई प्रदान गरिएको छ ।

प्रेस स्वतन्त्रता सेनानी वैद्यनाथ झाद्वारा भाइ बुहारी उर्मिलादेवी झाको स्मृतिमा




स्थापित पुरस्कारबाट मैथिली लोकगीत गायिका कञ्चन झालाई पुरस्कृत भएकी हुन् ।

कार्यक्रममा सहभागि वक्ताहरुले मानवअधिकारको संरक्षण गर्नुपर्नेमा उल्टै मधेश प्रदेशमा मानवअधिकार उलंघनका घटना बढ्दै गएकोप्रति चिन्ता व्यक्त गरेका छन् ।

कार्यक्रमका प्रमुख अतिथि राष्ट्रिय मानवअधिकार आयोगका केन्द्रिय सदस्य मिहीर कुमार ठाकुरले मानवअधिकार उलंघन गर्नेलाई छानबिन र कारवाही मात्रले नपुग्ने भन्दै यो प्रकृतीलाई नै कसरी रोक्न सकिन्छ भन्नेतर्फ सोच्न आवश्यक रहेको बताए ।

इन्सेक मधेश प्रदेशका संयोजक राजु पासवान, राष्ट्रिय मानवअधिकार आयोग मधेश प्रदेशकी प्रमुख मन्जु खतिवडा लगायतले मधेश प्रदेशका हरेकजसो जिल्लामा मानवअधिकारको उलंघन भइरहेको उल्लेख गरेका छन् ।

कोषका संस्थापक प्रेस स्वतन्त्रता सेनानी वैद्यनाथ झाको अध्यक्षतामा आयोजित कार्यक्रममा राजविराज नगरपालिकाकी कार्यवाहक प्रमुख इसरत परबिन, जिल्ला समन्वय समिति सप्तरीका सभापति शिवनरायण साह लगायतले पनि मानवअधिकार संरक्षणका लागि आफूहरुले सहयोगको प्रतिबद्धता व्यक्त गरेका छन् ।

# जिम्मेवारीलाई चुनौती र अवसरको रुपमा लिएको छु : मन्त्री समिम



**राजविराज**/मधेश प्रदेशका नवनियुक्त गृह संचार तथा कानुन मन्त्रि मो. आफूले पाएको मन्त्रालय अन्य मन्त्रालय भन्दा धेरै संवेदनशिल र महत्वपूर्ण रहेकोले आफूले प्राप्त गरेको जिम्मेवारी चुनौती र अवसरको रुपमा लिएको बताएका छन् ।

मंगलबार राजविराजमा नेपाली काँग्रेस सप्तरीद्वारा उनको सम्मानमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

नवनियुक्त मन्त्री समिमले आफूले एक रुँपैया पनि भ्रष्टाचार नगर्ने तथा अरुलाई पनि गर्न नदिने दाबीका साथ उनले यो मन्त्रालयबाट हुने सबै खालको गतिविधी र सेवा प्रवाह पारदर्शी र जनहीतमा अघि बढ्ने प्रतिबद्धता समेत उनले जनाए ।

सप्तरीको क्षेत्र नं. ३ को क बाट प्रदेशसभा सदस्यमा काँग्रेसबाट निर्वाचित उनले संगठन बलियो बनाउन कुनै गुट-उपगुटमा नलागि एक्ताबद्ध भई अघि बढ्न पार्टीका स्थानीय नेता कार्यकर्तालाई आग्रह समेत गरे ।

प्रदेश प्रहरी परिचालन मेरोलाई आफ्नो विशेष प्राथमिकतामा रहने बताउँदै उनले संघीय सरकारको कानुनसँग नबाझिने गरी कानुन निर्माण र संशोधन गरी प्रदेश सरकारले आफ्नै प्रहरी परिचालन गर्ने जानकारी दिए ।

सम्मान कार्यक्रममा काँग्रेस सप्तरीका सभापति रामदेव साह, सचिव सनत मण्डललगायतले शुभकामना दिँदै पार्टीबाट प्रतिनिधित्व गरेका मधेश प्रदेशका मन्त्रिहरुले जनहीतमा नयाँ नयाँ नीति र कार्यक्रम ल्याउने विश्वास व्यक्त गरेका थिए ।


## जनहीतका लागि जारि सन्देश

# विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. विद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो वस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने ।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ । तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने ।
३. अग्ला र कमजोर घर बिजुलीका खम्वा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने ।
४. भुईंचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान वस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने ।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईंचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने ।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने ।
२ं आगलागि नियन्त्रणको लागि घर बनाउँदा, विद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने ।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने ।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने ।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने ।

**आकस्मिक सम्पर्क नम्बरहरु**

**जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**
**सशस्त्र प्रहरी बल, नेपाल प्रस्ताबित सीमा सुरक्षा गुल्म पातो -९८५१२७२४८५**
**इलाका प्रहरी कार्यालय, पातो - ९८५२८९०५११**

अनुरोधकर्ता : **डाक्नेश्वरी नगरपालिका, सप्तरी**


# अन्तर्राष्ट्रिय समाचार

## पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानलाई तीन वर्षको जेल सजाय

पाकिस्तानका पूर्वप्रधानमन्त्री एवं तेहरिक-ए-इन्साफ (पीटीआई) पार्टीका प्रमुख इमरान खान पक्राउ परेका छन् । खानलाई शनिबार लाहोरस्थित निवासबाट पक्राउ गरिएको पाकिस्तानी समाचार संस्था डनन्युजले जनाएको छ ।

पीटीआईको पञ्जाव प्रान्त कमिटीले इमरान खानलाई कोट लखपत जेल लगिएको जानकारी ट्विटरमा लेखेको छ ।

इस्लामावाद जिल्ला अदालतले शनिबार सरकारमा हुँदा प्राप्त गरेको उपहार बिक्री गर्दा पाएको रकमको जानकारी नगराएको भ्रष्टाचार मुद्दामा तीन वर्ष जेल सजाय र एक लाख रुपैयाँ (पाकिस्तानी रुपैयाँ) जरिवाना हुने फैसला सुनाएको थियो ।

यो सजायसँगै इमरान खान पाँच वर्ष चुनाव लड्न अयोग्य हुने पाकिस्तान चुनाव आयोगका वकिल अमजद परवेजले बताएको समाचारमा उल्लेख छ ।

मुद्दाको सुनुवाइका क्रममा इमरान खान र उनका वकिल इजलास समक्ष अनुपस्थित रहेका थिए । इमरान खानको पार्टीले भने अदालतबाट पक्षपाती फैसला भएको भन्दै आपत्ति जनाएको छ ।

खानलाई गत वैशाखमा पनि पक्राउ गरिएको थियो । त्यसपछि पाकिस्तानी सेनाको मुख्यालयसहित विभिन्न ठाउँमा खानका कार्यकर्ताले आक्रमण गरेका थिए । एजेन्सी

## रुद्रप्रयाग पहिरोः तीन जनाको मृत्यु, सत्र बेपत्ता

**उत्तराखण्ड**/रुद्रप्रयाग पहिरामा परी तीन जनाको मृत्यु भएको तथा अन्य १७ जना हराइरहेका सरकारी अधिकारीले शनिबार बताएका छन् ।

केदारनाथ धामभन्दा १६ किलोमिटर वर अवस्थित रुद्रप्रयाग जिल्लाको गौरीकुण्डमा शुक्रबार गएको पहिरामा परी तीन जनाले ज्यान गुमाएका तथा अन्य १७ जना हराएका रुद्रप्रयाग जिल्ला प्रशासन कार्यालयले जनाएको छ ।

पहिराले सडक किनारका पसल र खाना खाने ढावालाई समेत बगाएको छ । दुर्घटनाका बेला ती पसलमा चार जना स्थानीय तथा १६ जना नेपाली मूलका नागरिक थिए । राज्यको विपद् प्रतिकार्य बलले खोजी जारी राखेको छ ।

यसैबीच शनिबार बिहान गङ्गोत्री राष्ट्रिय राजमार्गमा पहिरो खस्दा बाटो अवरुद्ध भएको छ । पहिराका कारण बाटो अवरुद्ध हुँदा गङ्गोत्री धामको यात्रामा रहेका तीर्थयात्रीको बिचल्ली भएको छ ।

राज्यको विपद् व्यवस्थापन विभागका अनुसार यो वर्षको वर्षायाम प्रारम्भ भएयता बाढीपहिरामा परी ३१ जनाले ज्यान गुमाएका छन्भने ३१ जना घाइते भएका छन् । एक हजार एक सय ७६ घर भत्केका छन् । एजेन्सी

## सुडानमा एक करोड ४० लाख बालबालिकालाई मानवीय सहयोगको आवश्यकता : युनिसेफ

**खार्तुम**/सुडानमा एक करोड ४० हजार बालबालिकालाई मानवीय सहयोगको “गम्भीर आवश्यकता” रहेको संयुक्त राष्ट्रसङ्घ बाल एजेन्सीले शुक्रबार उल्लेख गरेको छ । जारी द्वन्द्वले भोकमरीको सङ्कटलाई थप गहिरो बनाएको पनि सीएनएनले जनाएको छ ।

सुडानका १७ लाखभन्दा बढी बालबालिका भोक, रोग, हिंसा र परिवार पृथकताको जोखिमको सामना गर्दै घरबाट विस्थापित भएका छन् ।

यो सङ्ख्या पछिल्लो सङ्कट अघि सुडानमा विस्थापित भएका १९ लाख बालबालिकाको अतिरुक्त सङ्ख्या हो ।

“पाँच वर्ष मुनिका ३० लाख बालबालिका कुपोषित छन् भने सात लाख गम्भीर कुपोषण र मृत्युको जोखिममा छन् । एक वर्ष मुनिका १७ लाख बालबालिका महत्त्वपूर्ण खोपहरूबाट वञ्चित छन् ।

अप्रिलको मध्यमा सुडानमा द्वन्द्व शुरु भएदेखि युनिसेफका अनुसार कम्तिमा ४३५ बालबालिका मारिएका छन् र २,०२५ भन्दा बढी घाइते भएको पनि सीएनएनले रिपोर्ट गरेको छ ।

सुडानमा दुई करोडभन्दा बढी मानिसले गम्भीर भोकमरीको सामना गरिरहेका छन् जुन सङ्ख्या गत वर्षको तुलनामा झन्डै दोब्बर भएको पनि संयुक्त राष्ट्रसङ्घले बिहीबार चेतावनी दिएको छ ।

अप्रिल १५ मा सेना र्‍यापिड सपोर्ट फोर्सबीच युद्ध शुरु भएको थियो । यस द्वन्द्वले गर्दा सुरक्षाको खोजीमा छिमेकी देशमा गएका ८४४,००० सहित करिब ३५ लाख मानिस आफ्नो घर छाड्न बाध्य भएका छन् । एजेन्सी

# प्रेस युनियन सप्तरीको नयाँ समिति गठन




**राजविराज**/नेपाल प्रेस युनियन सप्तरीको बुधबार सम्पन्न सातौं अधिवेशनले बिनयलाल कर्णको अध्यक्षतामा नयाँ नेतृत्वको चयन गरेको छ।

कर्णको अध्यक्षतामा गठन भएको नयाँ कार्यसमितिको उपाध्यक्षमा नवीनकुमार गुप्ता, महिला उपाध्यक्षमा ललिता साह, सचिवमा रमानन्द देव, सहसचिवमा परिष कर्ण तथा कोषाध्यक्षमा रामनारायण यादव रहेका छन्।

सर्वसम्मतीले चयन भएको नयाँ कार्यसमितिको सदस्यहरुमा अरुण कुमार यादव, लोकेन्द्र कुमार यादव, महेश्वर भारती, निरजकुमार मण्डल, रंजित चौधरी, दिपेश जोशी र राजकुमार साह रहेका छन्।

यअसघि सम्पन्न ७औं जिल्ला अधिवेशनको प्रमुख अतिथिको आसन्नबाट बोल्दै नेपाल प्रेस युनियनका केन्द्रिय अध्यक्ष शिव लम्सालले पत्रकारहरुमाथी विभिन्न जिल्लामा प्रहरी प्रशासनबाट भइरहेको दुर्व्यहारबारे चिन्ता व्यक्त गरेका छन्।

उनले प्रेस स्वतन्त्रता र लोकतन्त्र स्थापनाका लागि युनियनले गरेको योगदान बारे चर्चा गर्दै पेशागत हकहीतको संरक्षणका लागि युनियन सदैव एक कदम अगाडी रहने जनाएश्र।

यस्तै नेपाल प्रेस युनियनका उपाध्यक्ष अनिल कर्णले पछिल्ला दिनमा पत्रकार र प्रेसमाथि हुँदै आएका हमलाका घटनाप्रति युनियन गम्भीर रहेकोले प्रेस स्वतन्त्रताको रक्षार्थ आउनै लागेका चुनौतीलाई सामना गर्न आफ्नो साङ्गठनिक तथा कार्य योजना तय गर्ने बताए।

युनियनका जिल्ला अध्यक्ष श्रवणकुमार देवको अध्यक्षतामा आयोजित उद्घाटन समारोहमा प्रतिनिधिसभा सदस्य दिनेश कुमार यादव, कंचनरुप नगरपालिकाका प्रमुख ललनप्रसाद गुप्ता, सुरुङ्गा नगरपालिकाका प्रमुख गिता चौधरी, तिलाठी कोइलाडी गाउँपालिकाकी उपाध्यक्ष फुलकुमारी साह, अग्निसाइर कृष्णासवरण गाउँपालिकाका उपाध्यक्ष कल्पना चौधरी, कंचनरुप नगरपालिकाकी उपाध्यक्ष मुना पोखरेल, प्रेस युनियनका केन्द्रिय सदस्य सुधा देव, पत्रकार महासंघकी केन्द्रिय सदस्य ललिता साह, नेपाली कांग्रेस सप्तरीका सचिव सनत मण्डल, प्रेस संगठनका अध्यक्ष दिनानाथ यादव, समाजवादी प्रेस संगठनका अध्यक्ष अनिल पोखरेल, प्रेस मञ्चका अध्यक्ष भुषण सिंहलगायतले शुभकामना दिएका थिए।

# पोखरीमा डुबेर दुई बालिकाको ज्यान गयो

**राजविराज**/गत सोमबार भैसीलाई पोखरीमा नुहाउने क्रममा डुबेर दुई बालिकाको ज्यान गएको छ।

सप्तरीको बोदेबर्साईन नगरपालिका वडा न. ३ बस्ने धनगढी बस्ने विध्यानन्द साहको छोरी ८ वर्षिया छोरी किरन साह र वडा नं. ६ फुलकाही बस्ने धनराज साहको ८ वर्षिया छोरी शिवानी साहको पोखरीमा डुबेर ज्यान गएको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार स्थानीय महादेव साहको पोखरीमा भैसिलाई नुहाउन जाने क्रममा पोखरीमा दुबै बालिका डुबेको भन्ने खबर प्राप्त हुन साथ प्रहरी घटनास्थल पुगि मुचुल्का सहितको टोलि खटाई घटना बारे थप अनुसन्धान भइरहेको जनाएको छ।

जिल्लामा तीन वर्षको अवधीमा पोखरी, नहर, कुलो र खाडलमा डुबेर ८९ जनाको मृत्यु भइसकेको प्रहरी तथ्याँकले देखाएको छ। मृत्यु हुनेमा बालबालिकाको संख्या बढी देखिएको छ।

**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाइराइड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७

# चार करोड भन्दा बढी मुनाफा कमाउन सफल आइडियल




**राजविराज**/आईडियल सहकारी संस्था लिमिटेड राजविराजले शुक्रबार आफ्नो आफ्नो २५ औं वर्षिकोत्सव (रजत जयन्ति) मनाएको छ।

संस्था २४ वर्ष अघि २०५६ साल १९ साउनमा स्थापना भई सेवाग्राहीलाई निरन्तर उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको अध्यक्ष गणेश आशले जानकारी दिएका छन्।

संस्थाको सबलता र सक्षमताका कारण गत आर्थिक वर्ष ०७९/८० मा ४ करोड ३५ लाख ७१ हजार ७ सय ११ रुपैयाँ खुद मुनाफा आर्जन गर्न सफल भएको उनले जानकारी समेत दिए। सहकारीताको मुल्य, मान्यता र सिद्धान्तलाई आत्मसाथ गर्दै अघि बढ्दा तथा १४ हजार ४ सय २५ जना सदस्यहरुको विश्वास र कर्मचारीहरुको मिहिनेतकै बलमा यस्तो सफलता मिलेको उनले बताए।

कुल ११ करोड ३० लाख ४ सय रुपैयाँ शेयर पूँजी रहेको यस संस्थाले आफ्नो सदस्यहरुबाट ८५ करोड ९० लाख ३८ हजार ७ सय ७८ रुपैयाँ निक्षेप संकलन गरेको कार्यक्रममा लेखा सुपरिवेक्षण समितिका संयोजक दिनेश प्रसाद साहले जानकारी दिए। यस्तै संस्थाले १ हजार २ सय ८३ जनालाई ८१ करोड ३६ लाख ७९ हजार ८ सय ५८ रुपैयाँ लगानी गर्दै कुल १ अर्ब २० करोड ३९ लाख ४५ हजार ७ सय २९ रुपैयाँ वासलात रहेको उनले जानकारी दिए।

सो अवसरमा संस्थाले २५ योजना सार्वजनिक गर्दै ६० वर्ष भन्दा माथिका ज्येष्ठ नागरिक बचतकर्तालाई न्यूनतम १ लाख भन्दा बढी बचत रकम पुगेमा निःशुल्क तिर्थाटन गराउने, नारी बचत खातामा न्यूनतम मौजदात ५० हजार राख्नेको १ लाखको दुर्घटना विमा गराउने लगायतका कार्यक्रमहरु समेटेको छ।

यस्तै आफ्ना ग्राहकका साथै सर्वसाधारणको हितमा श्रावण महिना र तिजका बेला महिलालाई संस्थाको तर्फबाट निःशुल्क मेहन्दी लगाउने व्यवस्था मिलाईने तथा समुदायलाई बाढीबाट जोगाउने उद्देश्यले स्थापना गरिएको पूर्व सूचना प्रणाली केन्द्रलाई ५० हजार रुपैयाँ थप सहयोग उपलब्ध गराउने योजना ल्याएको संस्थाका अध्यक्ष गणेश कुमार आशले जानकारी दिए।

जलवायु परिवर्तन, रक्तदान, युवा लक्षित विशेष कार्यक्रम, सञ्चार क्षेत्र, स्वास्थ्य, शिक्षा, मैथिली भाषा साहित्यको विकास लगायतका २५ बुँदे कार्यक्रम समेटिएको उनले बताए।

रजत जयन्ति समारोहको उद्घाटन गर्दै प्रमुख अतिथि राष्ट्रिय सभाका सदस्य शेखर कुमार सिंहले सहकार्य मार्फत सहकारीको विकास गर्नुपर्नेमा जोड दिए। कार्यक्रममा प्रदेश सभा सदस्य सतिश कुमार सिंह, राजविराज नगरपालिकाका कार्यवाहक नगरप्रमुख ईसरत परविन, संचालक समिति सदस्य शैलेश चौधरी, समाजसेवी ई. ईन्द्र नारायण देव, गैसस महासंघका केन्द्रीय उपाध्यक्ष ध्रुव देव लगायतले शुभकामना दिएका थिए।

# सहमति पश्चात् अस्पतालको सेवा सूचारु

**राजविराज**/चिकित्सकको लापरवाहीले एक युवकको मृत्यु भएको भन्दै सप्तरीको कञ्चनरुप नगरपालिकास्थित कंचनपुर नगर अस्पतालको ठप्प सेवा सहमति पश्चात् सूचारु भएको छ।

युवकको शव बुझ्न अस्विकार गरेका आफन्तले सोमवार शव बुझेपछि अस्पतालको सेवा सूचारु भएको हो।

जिल्लाको सप्तकोशी नगरपालिका वडा नं. ९ का रामदेव खंगको १६ वर्षिय छोरा ओम प्रकाश खंगको उपचारका क्रममा गत आइतबार सो अस्पतालमा मृत्यु भएको थियो।

सोमबार नगरपालिकाको कार्यालय, अस्पताल प्रशासन तथा मृतक परिवार बीच तीन बुँदे सहमति भएपछि आफन्तले शव बुझेको तथा पोस्टमार्टमका लागी धरानस्थित विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिस्ठान लगिएको इलाका प्रहरी कार्यालय कंचनपुरका डिएसपी दिपक रायले जानकारी दिए।

उपचारमा संलग्न चिकित्सकलाई निलम्बनमा राखी छानवीन गर्ने, मृतक परिवारलाई क्षतिपुर्ती वापत अस्पताल प्रशासनबाट ५१ हजार तथा नगरपालिका कार्यालयबाट ५ लाख उपलब्ध गराउने र अस्पतालको स्वास्थ्य सेवा प्रभावकारी बनाउन आवश्यक उपाय अपनाउने लगायतका विषयमा सहमती भएको प्रहरीले जनाएको छ।

चिकित्सकको लापरवाहीले बिरामीको मृत्यु भएको भन्दै मृतक आफन्तजन र स्थानीयबासीले अस्पताल तोडफोड समेत गरेका थिए। जसकारण अस्पतालको सेवा ठप्प थियो। मृत्युको कारण पत्ता लगाउनु पर्ने, मृतक परिवारलाई उचित क्षतिपुर्ती दिनु पर्ने र उपचारमा संलग्नलाई कारवाही नगरेसम्म परिवारले शव जिम्मा नलिने अडान लिएका थिए।

## बाढी/पहिरोबाट सतर्क रहौं।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं। भु-क्षयबाट बचौं र बचाऔं।

जनहीतका लागि : नवीन साप्ताहिक

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

प्रकाशक : श्रीमती सुमित्रा गुप्ता, सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सह-सम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), लेआउट : संजय शेखर, मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : saptahiknavin@gmail.com, वेबसाइट : rajbirajdainik.com.np